# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

फोन नं. ५२११०५,५०२
फ्याक्स: ५२०६००


पत्र संख्या: ०७५/७६
चलानी नं.: ४४८८

मिति : २०७५/०८/२६

विषय : कर्मचारी समायोजन तथा पदस्थापना सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन गर्न बनेको 'कर्मचारी समायोजन अध्यादेश,२०७५' यहि मंसिर २३ गते प्रमाणीकरण भैसकेको छ । सो सम्बन्धमा नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चं.नं.२५ मिति २०७५/०८/२४ को. पत्रानुसार उक्त अध्यादेशको दफा ६ को उपदफा (४)मा "साविकको स्थानीय निकायबाट स्थायी नियुक्ति पाई स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम समायोजन भएका कर्मचारीहरुलाई सम्बन्धित स्थानीय तहले अध्यादेश प्रारम्भ भएको मितिले १० दिन भित्र समायोजन भएको पत्र दिई मन्त्रालयलाई जानकारी दिनु पर्नेछ भन्ने उल्लेख भएकाले अध्यादेशको दफा ६ को उपदफा (४) बमोजिम आफ्नो कार्यपालिकाबाट निर्णय गराई सम्बन्धित कर्मचारीहरुलाई निजहरुको स्थायी नियुक्ति पत्रको सक्कलन प्रति रुजु गरी १० दिन भित्र समायोजन भएको पत्र दिई सो को जानकारी यस मन्त्रालयलाई समेत दिनु हुन" भनि लेखि आएकोले उक्त दफा अनुसार कार्यरत रहेका सम्पूर्ण कर्मचारीहरुले तल तोकिएको ढाँचामा आ-आफ्नो निवेदन र स्थायी नियुक्ति पत्रको सक्कल प्रति सहित यो सूचना प्रकाशित भएको मितिले ५ दिन भित्र कर्मचारी प्रशासन महाशाखा कर्मचारी समायोजन डेक्समा उपलब्ध गराउनु हुन जानकारी गराइन्छ ।

२०७५।८।२६

..................
शेषनारायण पौडेल
( प्रमुख प्रशासकीय अधिकृत )

प्रमुख प्रशासकीय अधिकृत